**करार सेवामा कर्मचारी पदपूर्ति गर्ने सम्बन्धि सुचना ।।।**

**प्रथम पटक प्रकाशित मिति : २०८०/०२/१८**

यस खनियाबास गाउँपालिकामा रिक्त रहेको तपशिल बमोजिमका पदमा खुल्ला प्रतिस्पर्धाबाट सेवा करारमा कर्मचारी नियुक्त गर्नुपर्ने भएकोले योग्यता पुगेका ईच्छुक नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र कार्यालय समयमा (दरखास्त दिने अन्तिम दिन सार्वजनिक बिदा परेमा सो को लगत्तै कार्यालय खुलेको दिन) राजस्व तिरेको रसिद वा बैक भौचर सहित दरखास्त फारम भरि आवेदन पेश गर्नुहुन सम्बन्धित सबैका लागि यो सुचना प्रकाशित गरिएको छ ।

| बिज्ञापन नं. | पद | सेवा | समुह | श्रेणी | संख्या | दरबन्दी |
|---|---|---|---|---|---|---|
| ०८/०७९/०८० | कृषि स्नातक | कृषि | - | अधिकृतस्तर छैटौ | १ (एक) | खनियाबास गाउँपालिका कार्यालय १ (एक) |
| ०९/०७९/०८० | पशु स्वास्थ्य प्राविधिक | कृषि | भेटेरिनरी | सहायकस्तर पाँचौ | १ (एक) | खनियाबास गा.पा. पशु विकास शाखा १ (एक) |

- **न्युनतम शैक्षिक योग्यता**

१. कृषि स्नातक पदको लागि मान्यता प्राप्त बिश्वबिद्यालय वा शैक्षिक संस्था बाट कृषि बिज्ञानमा कम्तिमा स्नातक तह उत्तीर्ण भएको ।

२. पशु स्वास्थ्य प्राविधिक पदको लागि नेपाल सरकार बाट मान्यता प्राप्त शैक्षिक संस्था बाट सम्बन्धित विषयमा प्रविणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरेको ।

- आबश्यक कागजात : शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि, नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि र ३ प्रति फोटो।
- उम्मेदवारको उमेर हद : १८ बर्ष पुरा भई ३५ बर्ष ननाघेको (महिलाको हकमा ४० ननाघेको)
- छनौट प्रक्रिया : कृषि स्नातकको हकमा स्थानीय तहमा कृषि स्नातक प्राविधिक परिचालन कार्यविधि, २०७९ बमोजिम र पशु स्वास्थ्य प्राविधिकको हकमा खनियाबास गाउँपालिकाको सेवा करारमा कर्मचारी ब्यवस्थापन सम्बन्धि कार्यविधि, २०७५ बमोजिम ।
- तलब स्केल : प्रचलित कानुन बमोजिम
- कार्य अबधि : करार सम्झौता बमोजिम हुनेछ ।
- दरखास्त फारम दस्तुर : कृषि स्नातकको लागि रु. १,००० र पशु स्वास्थ्य प्राविधिकको लागि रु. ७००।–
- आवेदन दिने अन्तिम मिति : २०८०/०२/२४ दिनको ५:०० बजे सम्म ।
- आबेदन दिनुपर्ने स्थान : खनियाबास गा.पा. को कार्यालय, प्रशासन शाखा
- संक्षिप्त सुची सम्बन्धि जानकारी गाउँपालिकाको सूचना पार्टी, फेसबुक पेज, वा गाउँपालिकाको वेबसाइटमा प्रकाशन गरिनेछ ।

**नोट: यस गाउँपालिकाको वेबसाइटमा सुचना संगै राखिएको आबेदन फारम भरि तोकिएको समय भित्र आबेदन दिन सकिनेछ ।**

..........................
संयोजक
पदपूर्ति समिति